# रियलमीको 'नोट ७०' सार्वजनिक

काठमाडौं (अस) । स्मार्टफोन ब्रान्ड रियलमीको 'नोट ७०' मोडल नेपाली बजारमा उपलब्ध भएको छ । यसमा ६३०० एमएएचको शक्तिशाली ब्याट्री रहेको बताइएको छ । मिलिटरी-ग्रेडको बलियो र स्मार्ट फिचरहरू रहेको नोट ७० ले युवाको मन जित्ने विश्वास कम्पनीको छ । एकचोटी चार्ज गरेपछि दुई दिनसम्म चलाउन सकिने सुविधा यसमा रहेको कम्पनीले जानकारी दिएको छ । यसमा १५ वाटको फास्ट चार्जिङ र ६ वाट रिभर्स चार्जिङ सुविधा पनि भएकोले डाउनटाइम कम रहेको कम्पनीको दाबी छ । यसको




७ दशमलव ९४ एमएमको अल्ट्रा-स्लिम बडी र २०१ ग्राम हलुका फ्रेम समावेश गरिएको फोनले शैली र टिकाउपनको सन्तुलन प्रदान गर्ने बताइएको छ । १३ एमपी एआई क्यामेराले स्पष्ट फोटो खिच्न सहयोग गर्छ । मनोरञ्जनको लागि नोट ७० मा ३०० प्रतिशत अल्ट्रा बुम स्पिकर राखिएको छ जसले भिडियो, संगीत र गेमिङ अनुभवलाई थप रमाइलो बनाउने बताइएको छ । नोट ७० दुईओटा स्टोरेज भेरियन्टमा गोल्ड र अब्सिडियन ब्ल्याक रङमा उपलब्ध छ । ४जीबी प्लस ६४जीबीको मूल्य रू. १३ हजार ९९९ र ४जीबी प्लस १२८जीबीको मूल्य रू. १४ हजार ९९९ रहेको बताइएको छ ।



तस्वीर : एपी/रासस

पूर्वी अफ्रिकी मुलुक मोजाम्बिकको जाम्बेजी नदीमा निर्मित काहोरा बास्सा हाइड्रोइलेक्ट्रिक ड्यामको आंशिक दृश्य ।

# फेजाको आयोजनामा एड्भान्स इकोनोमिक जर्नालिज्म तालीम

काठमाडौं (अस) । महिला आर्थिक पत्रकार संघ फेजा र एशियाली विकास बैंक एडीबीको सहकार्यमा 'एड्भान्स इकोनोमिक जर्नालिज्म' तालीम आइतवार शुरू भएको छ । ६ दिनसम्म चल्ने उक्त तालीममा उपत्यका बाहिर र भित्रका गरी २५ जना महिला आर्थिक पत्रकारहरूको सहभागिता छ । फेजाकी अध्यक्ष शर्मिला ठकुरीले पत्रकार महिलाको अर्थतन्त्रप्रतिको बुझाई र लेखनलाई धारिलो बनाउन तालीमले मद्दत गर्ने बताइन् । एडीबीका प्रमुख अर्थशास्त्री इयान ह्यानसनले तालीमले महिला आर्थिक पत्रकारहरूको भूमिका अझ सशक्त बनाउनेमा विश्वास व्यक्त गरे । तालीमपश्चात् महिला आर्थिक पत्रकारको आर्थिक विषयवस्तुप्रतिको बुझाइ, गहिराइमा पुग्न सहयोगी हुनेमा उनले जोड दिए । कार्यक्रममा अर्थमन्त्रालयका उपसचिव हरिशचन्द्र ढकालले यो तालीमले महिला आर्थिक पत्रकारको गुणस्तर र क्षमतामा अभिवृद्धि गर्न सहयोगी हुने विश्वास व्यक्त गरे ।

# कसरी आए जेनजी सडकमा ?

काठमाडौं (अस) । सरकारले समाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध, देशमा व्याप्त भ्रष्टाचार, बेथिति नेता र उनीहरूको छोराछोरीको विलासी जीवनशैलीमा प्रश्न गर्दै जेनजीले सोमवार प्रदर्शन गर्ने घोषणा गरेका छन् । केही दिनयता जेनजीहरूले सामाजिक सञ्जाल टिकटक, प्रतिबन्धित फेसबुक, एक्समा आकर्षक इफेक्ट प्रयोग गरिएका भिडिओ राखेका थिए । नेता र उनीहरूका सन्तानको अकल्पनीय विलासी जीवनशैली ती भिडियोमा उनीहरूले राखेका छन् । यी भिडिओसँगै सामान्य जनताका सन्तानले देशमा भोगिरहेका दुःख, अभाव र विदेशमा पसिना बगाउनुपर्ने बाध्यताका कारुणिक दृश्य पनि उनीहरूले जोडेका छन् । भ्रष्टाचार चाहिँदैन, जागृत बनौं अभियानजस्ता ह्याशट्यागसहित नेताका सन्तानको विलासी जीवनशैली पर्दाफास गर्ने उनीहरूको अभियान सडकसम्म आइपुगेको हो । खासगरी रोजगारीका लागि विदेशिनुपर्दा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा परिवारसँग छुट्टिएको कारुणिक दृश्य, विदेशमा ज्यान गुमाएर काठको बाकसमा फर्किएको शव र गाउँघरमा अझै पनि तुइन चढेर जोखिमपूर्ण तरीकाले खोला तर्नुपर्ने कष्टकर जीवनयापनका तस्वीर यत्रतत्र जेनजीहरूले छरेका छन् ।

'हाम्रो कर कहाँ जान्छ ?' भन्दै सांकेतिक रूपमा नेता तथा उनीहरूको सन्तानको विलासिताका लागि खर्च हुने बताउँदै फोटो राखिएका छन् । नेताका सन्तानले राखेका महँगा गाडी, ब्रान्डेड कपडा, विदेश भ्रमण र भव्य पार्टीका तस्वीरलाई संकलन गरी जनताको दुःखसँग तुलना गर्दै प्रश्न सोधिएको छ ।

अभियानलाई बालेन शाह, कुलमान घिसिङसहितले सर्मथन गर्ने सामाजिक सञ्जालबाटै घोषणा गरेका छन् । जेनजीले आफूहरूको प्रदर्शन शान्तिपूर्ण हुने बताएको छ ।

**प्रतिबन्ध र भ्रष्टाचार विरूद्ध जेनजी सडकमा**

पछिल्लो समय सामाजिक सञ्जालमाथि सरकारले लगाएको अनिश्चितकालीन प्रतिबन्धले जेनजी पुस्ता रुष्ट देखिएको छ । सरकारी पछिल्लो कदम र देशमा मौलाइरहको भ्रष्टाचारविरुद्ध उनीहरूले सामाजिक सञ्जालमा अभियान नै चलाएर सोमवार (आज) काठमाडौंमा प्रदर्शन गर्दै छन् । प्रदर्शन माइतीघरमा गर्न जिल्ला प्रशासन कार्यालयले अनुमति दिएको छ । माइतीघर-नयाँ बानेश्वर क्षेत्रमा प्रदर्शन गर्न अनुमति माग्न यो उमेरसमूहका केही विद्यार्थी जिल्ला प्रशासन कार्यालय काठमाडौं पुगेका थिए । काठमाडौंका प्रमुख जिल्ला अधिकारी (सीडीओ) छवि रिजालले पनि जेनजीका युवाहरू आएको पुष्टि गरे । 'प्रदर्शनका लागि भनेर उहाँहरू आउनुभएको थियो । निषेधित क्षेत्रबाहेकका ठाउँमा शान्तिपूर्ण प्रदर्शन गर्न अनुमति दिएका छौं,' रिजालले भने ।

# १० ओटा रिट सर्वोच्चको प्रशासनले गऱ्यो दरपीठ

काठमाडौं (अस) । सामाजिक सञ्जालमाथि अनिश्चितकालीन प्रतिबन्ध लगाउने सरकारी निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेका १० ओटा रिटलाई सर्वोच्च प्रशासनले दरपीठ गरेको छ । दरपीठको अर्थ रिट निवेदन दर्ता नगर्नु हो । रजिस्ट्रार मानबहादुर कार्कीले दरपीठ गर्ने निर्णय गरेसँगै सरकारलाई सर्वोच्चको साथ प्राप्त भएको छ । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले यसको पुष्टि गरेका छन् । '१० ओटा निवेदन परेकोमा सबै दरपीठ भएको छ,' उनले भने । सरकारले गत बिहीवार दर्ता हुन नआएका सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको थियो ।

सर्वोच्चले दरपीठ गरेको निर्णयविरुद्ध पनि सर्वोच्चमै रिट दिन मिल्छ । सरकारले सामाजिक सञ्जाललाई कानून बनाएर नियमन गर्न आदेश दिएको थियो । 'यस अदालतको बृहत् पूर्ण इजलाशबाट 'सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालनपूर्व अनिवार्य रूपमा साधिकार निकायमा दर्ता गरी त्यस्ता अनिच्छित सामग्रीहरूको मूल्यांकन र अनुगमन गर्ने गरी डिजिटल मिडिया र सामाजिक सञ्जाललाई समेत जिम्मेवार तथा जवाफदेही बनाउन' भनी नेपाल सरकारको नाममा मिति २०८२ असोज १३ मा आदेशसमेत भएको हुँदा माथि उल्लिखित निर्देशिकाबमोजिम सूचीकृत नभएका सामाजिक सञ्जालका प्लेटफर्महरूलाई निष्क्रिय गर्ने गरी मन्त्रालयबाट भदौ १९ गते जारी भएको पत्रलाई बदर गर्न भनी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत लिई आएको प्रस्तुत निवेदन दर्ता गर्न मिलेन,' दरपीठमा भनिएको छ ।

सरकारले उक्त आदेश र मन्त्रिपरिषद्को निर्णय भन्दै गत बिहीवारदेखि नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको थियो ।

**बाँकी पृष्ठ १ बाट ...**

**'पहुँच पाउन ...**

रोकेको अवस्थामा कसरी अपडेट हुन सक्छ ?' सञ्चार मन्त्रालय स्रोतले भन्यो । नेपालमा सामाजिक सञ्जालमाथिको अनिश्चिकालीन प्रतिबन्धपछि गूगल प्ले स्टोरबाट भीपीएन एपहरू सर्वाधिक डाउनलोड भएको देखिन्छ । अहिले गूगल प्ले स्टोरको टप चार्टमा भीपीएन एप तथा ब्राउजरको संख्या तीन दर्जनभन्दा माथि पुगेको छ । जबकि प्रतिबन्ध लाग्नुअघि यो पाँचओटा मात्रै थियो । यसरी हेर्दा सामाजिक सञ्जाल प्रतिबन्ध लागेको १ सातामा दर्जनौं नयाँ भीपीएन थपिएका छन् । यसले पनि सामाजिक सञ्जालमाथि पहुँच पुऱ्याउन अत्यधिक मात्रामा भीपीएन प्रयोग भइरहेको पुष्टि गरेको छ ।

भीपीएनको प्रयोग आम सर्वसाधारणदेखि सरकारमा बसेकाहरूले नै गरेपछि सरकारलाई चुनौती थपिएको सरकारी अधिकारीहरूको गुनासो छ । सोही निष्कर्षका साथ सञ्चार मन्त्रालयले प्रतिबन्धित एपहरू भीपीएन प्रयोग गरेर नचलाउन भनेको छ । मन्त्रालयका सहसचिव गजेन्द्रकुमार ठाकुरले भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन) प्रयोग नगर्न सार्वजनिक आह्वान गरेका छन् । उनका अनुसार असुरक्षित, अनधिकृत, जोखिमयुक्त भीपीएन प्रयोग गर्नु राम्रो होइन । भीपीएन भनेको इन्टरनेट प्रयोग गर्दा वास्तविक ठेगाना लुकाएर अरू स्थानबाट सामाजिक सञ्जाल चलाएको जस्तो देखाउने प्रविधि हो ।

'नेपाल सरकारको निर्णयबमोजिम सूचीकरण नभएका सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालभित्र निष्क्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणबाट मोबाइल तथा इन्टरनेट सेवाप्रदायकमार्फत ती सामाजिक सञ्जालको पहुँच निषेध भइसकेको हुँदा त्यस्ता सञ्जालको पहुँच प्राप्त गर्न असुरक्षित, अनधिकृत, जोखिमयुक्त भीपीएनको प्रयोग नगर्न/नगराउनसमेत अनुरोध छ,' मन्त्रालयका प्रवक्ता ठाकुरले आइतवार विज्ञप्ति जारी गर्दै भनेका छन् । सञ्चार मन्त्रालयका अनुसार पछिल्लो समय हाम्रो पात्रो र ग्लोबल डायरी दर्ता भइसकेको छ । एक्स र विच्याटले आवश्यक विवरण माग गरेको छ ।

**दूधकोशी हाइड्रो ...**

सम्झौतामा वर्षाका महीनामा (जुन-नोभेम्बर) प्रतिकिलोवाट घण्टा (युनिट) ४ रुपैयाँ ८० पैसा र हिउँदका महीनामा (डिसेम्बर-मे) गैरपिक समयमा ८ रुपैयाँ ४० पैसा र साँझ ५ बजेदेखि १० बजेसम्मको पिक समयमा ८ रुपैयाँ ५० पैसादेखि १० रुपैयाँ ५५ पैसासम्मको दर तोकिएको छ । साथै, पहिलो ८ वर्षका लागि यो दरमा वार्षिक ३ प्रतिशत वृद्धिको प्रावधान राखिएको छ ।

परियोजनाबाट उत्पादित विद्युत् १२ किलोमीटर लामो १३२ केभी प्रसारण लाइनमार्फत टिङ्ला सबस्टेशनमा जोडिनेछ, जुन अहिले नै सञ्चालनमा छ । यसले विद्युत् निकासीको सम्भावित अवरोधलाई न्यून बनाउने कम्पनीको विश्वास छ ।

यो आयोजना पिकिङ रन अफ दि रिभरमा आधारित भएकाले सुख्खा मौसममा दैनिक अधिकतम ६ घण्टासम्म पिक आवरमा उच्च दरमा विद्युत् विक्री गर्ने सुविधा प्राप्त छ, जसले कम्पनीको आम्दानी क्षमता थप बलियो बनाउने अपेक्षा गरिएको छ ।

**लक्ष्मी सन्राइज बैंकको नेतृत्वमा साढे १० अर्ब ऋण**

नेपाली प्रवर्द्धक समूह परियोजना निर्माणमा पूँजी जुटाउन लक्ष्मी सन्राइज बैंकको नेतृत्वमा साढे १० अर्ब ऋण लिने तयारीमा रहेको केसीले बताए । 'एभरेस्ट बैंक, सानिमा बैंक एन.आई.सी. एशिया बैंक पनि ऋणदातामा जोडिएका छन्,' उनले भने ।

**'सामाजिक सञ्जाल ...**

विश्वका ठूला प्रविधि कम्पनीले नेपाललाई आफ्ना प्रयोगकर्ताको हिसाबले महत्त्व दिए पनि नेपालमा व्यावसायिक उपस्थिति वा कानूनी दर्ताको मामिलामा उनीहरू गम्भीर नभएको पनि सोसाइटीले उल्लेख गरेको छ । सोही कारण अपराध अनुसन्धान, नक्कली अकाउन्ट, साइबर अपराध वा डेटा सुरक्षा जस्ता विषयमा समस्या भएको प्रहरी प्रशासनले बताउँदै आएको छ । नेपालमा मेटा लगायत केही सामाजिक सञ्जाल कम्पनीहरू करमा दर्ता भए पनि कानूनी रूपमा पूर्ण वैध ठहरिँदैनन् । सामाजिक सञ्जालहरू सञ्चार, प्रविधि, वाणिज्य र सूचना सुरक्षासम्बन्धी निकायमा दर्ता अनिवार्य छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**कालिगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक योजना)**
**जोमसोम, मुस्ताङ**

**आर्थिक प्रस्ताव खोल्ने सुचना**

**प्रकाशित मिति : २०८२/०५/२३**

यस कार्यालयको मिति २०८१।०४।०६ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना नं ०१/०८२/८३ अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९, ६०, ६१ ,६२ र ६३ बमोजिम परिक्षण गरी योग्यताको सबै आधारमा सफल हुने देहाय बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुका आर्थिक प्रस्ताव तपसिलको स्थान, मिति र समयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| Contract No. | Description of Works | Successful Bidders |
|---|---|---|
| KCBJKRP/337011184/ 2082/83-01 | Construction of Rigid Pavement at Right and Left Approach of Brridges and Culvert along Beni Jomsom Section. | 1.Sunrise-Sundar Nepal JV<br>2.Sisne Himal-Leopard-DS JV<br>3.Sindhuli-Tamang Marine JV<br>4.Himalayan-Tandabeshwor JV<br>5.GNS Syangja<br>6.Bamtibhandar-Nishan-Tista JV<br>7.Amit-Sharma JV |
| KCBJKRP/337011181/ 2082/83-02 | Slope Stablization Works for Unstable and Vulnerable Roadside slope at Khambhitta (CH: 38+800) of Kaligandaki Corridor Beni Jomsom Koralla Road Project | 1.BAMTI BHANDAR-KONDA-TISTA J.V<br>2. G.Tech./Taj/Nabodita J/V<br>3.Sahayogi -Satyam-Deurali JV<br>4.Muktinath/Amit Jv<br>5.Himalayan-Tandabeshwor JV<br>6.Shanidev Hatairaj J.V<br>7.TILAK- BK JV<br>8.GNS Syangja<br>9.Rear Construction Company Pvt. Ltd. |
| KCBJKRP/337011181/ 2082/83-03 | Slope Stablization Works for Unstable and Vulnerable Roadside slope at Guithebhir (CH: 36+700) of Kaligandaki Corridor Beni Jomsom Koralla Road Project | 1.GS-PL-Budhisara JV |

**आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान: २०८२/०५/३० गते दिनको १०:०० बजे, कालिगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक योजना) जोमसोम, मुस्ताङ**

**योजना प्रमुख**

**INVITATION FOR BIDS OF ROAD DIVISION PALPA**

**Notice Number: 04-RDPLP-2082/83, First Date of publication: 2082-05-23 (8 September 2025)**

**Road Division Palpa**, on behalf of the Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, now invites Open Competitive bidding from eligible bidders for the following construction/supply works mentioned in the table below under National Competitive Bidding (Single Stage Two Envelope System).

| S.No. | Contract No. | Name of the Project/s | Bid Document Cost (NRs.) | Bid Security Validity Period (Days) | Bid Security Amount (NRs.) | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | RDPLP-337011694-2082/83-27 | "Road Upgrading of Bokhar Kafalko Rukhko Ukalo Ghalam Thumki Mandir Sadak, Chhatrakot-4, Gulmi | 5,000 | 120 | 650,000.00 | Date of Technical Bid Opening 2082-06-22 (2025-10-08) |
| 2 | RDPLP-337011694-2082/83-28 | Road Upgrading of Pipalneta Dharampani Gairakhutta Daugha Arghakhanchi Sadak (Gairikhutta-Healthpost section and Chandiisthan- Gairikhutta section), Gulmi | 5,000 | 120 | 650,000.00 | |
| 3 | RDPLP-337011694-2082/83-29 | Palpa ko Tinau Gaunpalikama Jhumsa Dekhi Gobarbhendi hudai Satywati Tal Jodne sadak Nirman. | 5,000 | 120 | 650,000.00 | |
| 4 | RDPLP-337011694-2082/83-30 | Structural and Pavement work at Aryabhanjyang-Rampur section, Palpa | 5,000 | 120 | 650,000.00 | |
| 5 | RDPLP-337011384-2082/83-31 | Road Upgrading of Bhaluwang Nuwakot Khanadaha Kharbang Sadak NH71, Gulmi (From Arg-Gulmi Boarder -Pipaldhara to Nadi section ) | 5,000 | 120 | 1,300,000.00 | |
| 6 | RDPLP-337011384-2082/83-32 | Road Upgrading of Bhaluwang Nuwakot Khanadaha Kharbang Sadak NH71, Gulmi (Varvot-Bastu-Ooldada section ) | 5,000 | 120 | 1,500,000.00 | |
| 7 | RDPLP-337011384-2082/83-33 | Road Upgrading Works of Bhaluwang Nuwakot Khanadaha Kharbang Sadak NH71, Gulmi (Mahatkachedda to Nistikhola Pool section ) | 5,000 | 120 | 1,350,000.00 | |
| 8 | RDPLP-337011384-2082/83-34 | Road Upgrading Works of Bhaluwang Nuwakot Khanadaha Kharbang Sadak NH71, Gulmi (Bhati Bazar-Rakse section) | 5,000 | 120 | 1,300,000.00 | |
| 9 | RDPLP-337011384-2082/83-35 | Road Upgrading works of Bhaluwang Nuwakot Khanadaha Kharbang Sadak NH71, Gulmi (Starting from Hulake (Chainage139.90 to 141.916 ( 2.016 Km in Length)) and Dandapokhari(Chainage 149.78) to Mahatakachheda chowk(Chainage152.09) Section ) | 5,000 | 120 | 1,950,000.00 | |
| 10 | RDPLP-337011694-2082/83-36 | Upgradation of Rishikesh Rurukshetra Dham Road, Kalimati, Palpa | 5,000 | 120 | 650,000.00 | |
| 11 | RDPLP-337011384-2082/83-37 | Road Upgrading of Bartung Tansen Ridi Wamitaksar Kharbang Sadak (Rudrabeni Wamitaksar section-NH49), Gulmi | 5,000 | 120 | 2,050,000.00 | |

Eligible Bidders may visit PPMO's website: www.bolpatra.gov.np/egp e-procurement section or Office Notice Board for further information or contact Road Division Palpa at email: dropalpa@gmail.com for additional information or any query.

**Division Chief**